सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५४ | गान्तोक, (शुक्रबार) अक्टोबर ८, २०२१ | अङ्क ३०

## गान्तोकको गान्धी मार्गमा राष्ट्रपिताको १५२औँ जन्मजयन्ती पालन





गान्तोक।
०२ अक्टोबर, राज्यपाल श्री गंगाप्रसाद अनि मुख्य मन्त्री श्री प्रेमसिंह तामाङद्वारा राष्ट्रपिता महात्मा गान्धीको १५२औँ जन्म जयन्तीको विशेष अवसरमा एमजी मार्गमा अवस्थित गान्धीको प्रतिमालाई पुष्पाञ्जलि अर्पण गर्नुभयो। मन्त्रीमण्डल मुख्य सचिव, प्रहरी अधिक्षक, सल्लाहकारहरू,अध्यक्षगण र राज्य सरकारका विभाग प्रमुखहरूले पनि महात्मा गान्धीको प्रतिमामा माला र खादा अर्पण गर्नुभयो। यस अवसरमा संस्कृति विभागका कलाकारहरूद्वारा राम धुन, भजन गाउनका साथै सिक्किम पुलिस ब्याण्डद्वारा देशभक्ति धुन बजाएर उत्स्वको सोभा बढाएका थिए। औपचारिक कार्यक्रपछि, राज्यपाल अनि मुख्यमन्त्री शहरी विकास विभागद्वारा स्थापित स्टलमा जानुभयो र स्वाच्छ भारत अभियानको सन्देशलाई सुदृढ पार्न विद्यार्थीलाई पुनःप्रयोज्य कपडाको झोला वितरण गर्नुभयो। अन्तमा, राज्यपाल र मुख्यमन्त्रीद्वारा आजादीको अमृत महोत्सवको एक भागको रूपमा नावार्ड अन्य एजेन्सीहरूद्वारा स्थापित बिक्री केन्द्रको उद्घाटन गर्नुभयो।

## सोरेङमा पूर्व मुख्यमन्त्री स्वर्गीय नरबहादुर भण्डारीको जन्म जयन्ती पालन



०५ सोरेङ, सिक्किमका पूर्व मुख्यमन्त्री स्वर्गीय नरबहादुर भण्डारीको जन्मजयन्ती विविध कार्यक्रमबीच सम्पन्न भयो। पाँच दिवसीय कार्यक्रमको समापन समारोहमा राज्यपाल श्री गंगाप्रसाद मुख्य अतिथि रहनुभएको थियो भने मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ, मन्त्रीगण विधायकगण लोकसभा सासंद, सल्लाहकार अध्यक्षगण अनि मुख्य सचिवको उपस्थिति रहेको थियो। कार्यक्रममा प्रो. महेन्द्र पी लामा, प्रसिद्ध नाटककार श्री सी.के श्रेष्ट बीबी सुब्बा लगायत सबै विभागप्रमुख र वरिष्ठ अधिकारीहरूको उपस्थिति रहेको थियो।

मुख्यमन्त्रीले आफ्नो सम्बोधनमा सबैलाई हार्दिक बधाई तथा शुभकामना दिनुभयो। उहाँले २०१९ देखि महामारीको कारण कुनै कार्यक्रम भव्य रूपमा पालन गर्न नसकेको उल्लेख गर्नुहुँदै यस वर्ष भने पूर्व मुख्यमन्त्री स्वर्गीय भण्डारीको निवासस्थान सोरेङमा उहाँको जन्मजयन्ती भव्य रुपमा पालन गरिएको बताउँनुभयो। मुख्यमन्त्रीले स्वर्गीय श्री भण्डारीले पहाडी राज्यहरुलाई एकजुट बनाएर राष्ट्रिय पहिचान दिलाउन धेरै संघर्ष गर्नुपरेको उल्लेख गर्नुभयो। सिक्किमलाई धेरै माया गर्नुहुने स्वर्गीय भण्डारीले सिक्किमलाई स्वर्गको फूलबारी ठानेर यस सुन्दर फूलबारीमा सबै जात, वर्गको मानिसहरुलाई सँगै, मिलेर बस्ने प्रेरणा दिएकै कारण आज सिक्किममा विभिन्न जाति जाति, वर्ग मिलेर बसेको तथ्यमाथि प्रकाश पार्नुभयो। यति मात्र नभएर नेपाली भाषालाई राष्ट्र भाषाको रुपमा मान्तयता दिनको निम्ति उहाँले पुऱ्याएको योग्दान अविस्मरणीय रहेको छ भनि मुख्यमन्त्री श्री तामाङले थप बताउँनुभयो। स्वर्गीय भण्डारी भारतीय राज्यको नेपाली मुलुकको पहिलो नेपाली मुख्यमन्त्री हुनुहुन्थ्यो भनि थप बताउँनुभयो।

उक्त कार्यक्रममा मुख्यमन्त्रीले घोषणा गर्नुभयो कि प्रत्येक वर्ष पीएचडी-को निम्ति प्रवेश गर्ने साथै

रहल पृष्ठ ४ मा.....

## राज्यपालद्वारा दुइ दिवसीय आउटरीच कार्यक्रमको उद्घाटन



गान्तोक।
०१ अक्टोबर, राज्यपाल श्री गंगाप्रसादले तादोङको नरबहादुर भण्डारी डिग्री कलेजमा दुइ दिवसीय आउटरीच कार्यक्रमको उद्घाटन गर्नुभयो। स्वतन्त्र भारतको ७५औं वर्षगाँठको उपलक्ष्यमा आयोजित कार्यक्रम आजादीका अमृत महोत्सव पालन गर्न भारत सरकारका सूचना तथा प्रशारण मन्त्रालयअन्तर्गत गुवाहाटी क्षेत्रीय आउटरीच ब्यूरो(आरओबी)-ले आयोजना गरिएको उक्त कार्यक्रममा राज्यपाल मुख्य अतिथि रहनुभएको थियो। राज्यपालको साथमा सूचना एवं जन सम्पर्क विभागकी सचिव सिफोरा जी तार्गेन, निर्देशक पत्र सूचना कार्य(पीआइबी) सिक्किम श्री अजय माहिमा, उप निर्देशक(आरओबी) श्री अर्जित चक्रवती अनि नरबहादुर भण्डारी डिग्री कलेजका प्रधान आचार्य , प्राध्यापकको उपस्थिति रहेको थियो।

कार्यक्रमको शुरूमा राज्यपालद्वारा क्षेत्रीय आउटरीच ब्यूरोद्वारा कार्यक्रम परिसरमा स्थापित चित्र प्रदर्शनीको उद्घाटन गर्नुभयो। चित्र प्रदर्शनी पश्चात कार्यक्रमलाई सम्बोधन गर्नुहुदै राज्यपालले भन्नुभयो, आजादीका अमृत महोत्सव हाम्रा जनताद्वारा स्वतन्त्रता सेनानीहरू र स्वतन्त्रता आन्दोलनको निम्ति एक श्रद्धाजलि हो। यो भारतको यात्रामा एक निर्णयक क्षण हो र स्वतन्त्रता सेनानीहरूद्वारा हस्तान्तरित विरासतको याद गर्ने अवसर हो। उहाँले अझ भन्नुभयो, हाम्रा स्वतन्त्र सेनानी अनि

रहल पृष्ठ ४ मा.....

## गान्धी जयन्तीको दिन सिक्किममका राज्यपाल, मुख्यमन्त्री लगायत अन्य पदाधिकारीद्वारा सरसफाई अभियान



गान्तोक।
०२ अकटोबर,
गाँन्धी जयन्तीको अवसरमा सिक्किमका राज्यपाल, मुख्यमन्त्री लगायत अन्य पदाधिकारीद्वारा विभिन्न ठाउँमा व्यापक सर सफाई गरियो। राज्यपालले गणेशटोक परिसरमा सफाई अभियान सञ्चालन गर्नुभएको थियो जसमा मुख्यमन्त्रीलगायत

रहल पृष्ठ ३ मा.....

# मुख्यमन्त्रीद्वारा बैगुने खण्ड विकास केन्द्रको उद्घाटन गर्नुभयो



गेजिङ
०४ अक्टोबर, मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले बैगुने खण्ड विकास केन्द्रको उद्घाटन गर्नुभयो। उद्घाटन पश्चात मुख्यमन्त्रीले विभिन्न पदाधिकारीको उपस्थितिमा जुम सालघारीका जनतालाई नव निर्मित खण्ड विकास समर्पित गर्नुहुँदै नवस्थापित केन्द्रको निम्ति जनसाधारणलाई बधाई एवं शुभकामना दिनुभयो। उहाँले सरकारद्वारा विकासको निम्ति विभिन्न योजनाहरू तयार पारिएको जानकारी गराउँनुहुँदै स्वाच्छताबारे विभिन्न परियोजनाहरु जस्तै जल जीवन मिशन, स्वाच्छ भारत २.० , पीउने पानी आदि मुख्य कामहरू गरिने बताउनु भयो। यसरीनै मुख्यमन्त्रीले राज्य सरकारद्वारा घर आमाहरुलाई आर्थिक रुपमा सबल बनाउने उद्देश्यलिएर चाँडै आमा योजना शुरु गर्ने र जोरथाङ परिसरमा नेपाली संस्कृति भवन निर्माण गरिने, जोरथाङ उच्चतर माद्यमिक विद्यालयमा हल निर्माण गरिने,कार्फेकटारमा क्यान्सर अस्पताल आदि निर्माण गरिने थप जानकारी दिनुभयो।

# दुई दिवसीय माछा मेला र बाँस मेला गान्तोकको गाँन्धी मार्गमा सम्पन्न



गान्तोक।
०२ अक्टोबर, गान्तोकस्थित गाँन्धी मार्गमा दुई दिवसीय माछा मेला सह बाँस मेला सफलतापूर्वक सम्पन्न भयो। राज्यपाल श्री गंगाप्रसाद अनि मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले सबै स्टलहरूमा गएर बाँस करीगरहरू र माछा उत्पादकहरूसंग कुराकानी गर्नुभयो। दुई दिवसीय मेलाको समापन समारोह मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको मुख्य आतिथ्यमा सम्पन्न भएको थियो। यस अवसरमा बोल्नहुँदै मुख्यमन्त्रीले दुई दिवसीय मेलामा सहभागी हुनुहुनेहरूलाई बधाई दिनुभयो। उहाँले माछापालन निर्देशक, पशुपालन विभाग र बागवानी विभागलाई आ-आफ्नो उत्पादन बढाउन र स्थानीय मानिसहरुलाई यस क्षेत्रमा प्रोत्साहन गर्न यसप्रकारको मेला आयोजना गरेबापत बधाई दिनुभयो। उहाले कुनै पनि उत्पादनबाट उत्पादक आर्थिक रूपमा सबल बन्न व्यवहारिक पर्याप्त अनि उच्त व्यापर केन्द्रके आवश्यकता पर्ने कुरामाथि जोड दिनुभयो। उहाँले सिक्किममा धैरै पानी पर्याप्त मात्रमा रहेको हुनाले माछा उत्पादन सजिलैसित गर्न सकिने अनि यहाँको स्थानीय माछाहरुलाई सिलगडीमा बिक्री गर्न सकिने कुरा बताउँनुभयो। यहाँको माछा उत्पादनको निम्ति सिलगडी नजिक अनि ठूलो व्यापर केन्द्र रहेको पनि थप उल्लेख गर्नुभयो। माछा उत्पादक अनि मत्स्य पालन विभागले यसप्रकारको प्रशस्त सम्भावनाबाट दोहन गर्नुसक्नुपर्ने पनि बताउँनुभयो।

कार्यक्रममा कृषि एवं बागवानी र पशुपालन विभागका मन्त्री श्री लोकनाथ शर्माले आफ्नो सम्बोधनमा मुख्यमन्त्रीको ग्रामीण अर्थतन्त्र बढाउने दृष्टिकोण कै कारण दुई दिवसीय माछा मेला एवं बाँस मेला सफलतापूर्वक सम्पन्न भएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो कि, मुख्यमन्त्री मत्स्य पालन योजना, मुख्यमन्त्री कृषि आत्मानिर्भर योजनालाई राज्य सरकारद्वारा आत्मानिर्भर सिक्किमको लक्ष्य हासिल गर्नको निम्ति बनाइएको हो।

उहाँले सिक्किममा युवाहरूलाई खेती र सम्बद्ध सेवाहरूमा संगल्न हुनुमा गर्व गर्न आग्रह गर्नुभयो। दुई दिनसम्मको मेलामा सहभागिता हुने सम्पूर्ण जनमानसप्रति आभार व्यक्त गर्नुभयो र भावी प्रयासहरूमा सफलताको कामना गर्नुभयो।

उहाँले विभागीय अधिकारी र कर्मचारीहरूको प्रयासप्रति धन्यवाद एवं प्रशंसा गर्नुभयो। भविष्य कृषि र पशुपालन हो- भन्ने नाराका साथ आफ्नो सम्बोधन समाप्त गर्नुभयो। सो अवसरमा मुख्यमन्त्रीद्वारा सहभागीहरूलाई पुरस्कार तथा सहभागीता प्रमाणपत्र प्रदान गर्नुभयो। कार्यक्रममा पशुपालन र बागवानी विभागअन्तर्गत उत्पादन प्रोत्साहन योजनाहरू(पीआईएस)-को ब्रोशर प्रमुख अतिथिद्वारा जारी गरिएको थियो। त्यस्तै प्रकारले पहिलो पहलमा, रेगु फिश इकोटुरिजमको मुख्यमन्त्रीद्वारा आधिकारिक रुपमा अनावरण गर्नुभयो। जसले पूर्वी सिक्किममा रेगुको सम्भावनालाई माछा पर्यवरण पर्यटनको केन्द्रको रूपमा बलियो बनाएको छ। श्री दिवाकर बस्नेत र उहाँको टोलीले शुरु गर्नुभएको ग्रामीण उद्यमी उद्यम नाम्चेबुङ फ्रेशद्वारा विकसित फिश फ्लेभिङ एजेन्ट नामक एक स्थानीय उत्पादनको पनि उद्घाटन मुख्यमन्त्रीद्वारा गर्नुभयो।

# जमरा, जात, जाति र बलि

- दिवाकर प्रधान




शक्ति वा शपशीसू वा ऊर्जालाई मानवीकरण (personif) गर्दा दुर्गा बन्दछिन् । भयानक राक्षसहरूलाई निमिटयान्नै पार्नसक्ने दुर्गम काम उनले गरेकी कथाहरू छन् । यी कथाले दुर्गम काम गर्नसक्नेलाई दुर्गा भनिएको सिद्ध हुँदछ । यो शक्तिकै खेल हो । दुर्गाकै अर्को नाम रूप पार्वती हो - पर्वतकी छोरी । पार्वती पनि हुन् शक्तिकै प्रतीक । पर्वतकी छोरी पार्वती हुनुबाट कसैले हल्लाउन नसक्ने पाहाड़ अर्थात् अचलजस्तै बलवती बुझ्नुपर्दछ । अचल (hill) भनेको पाहाड़ हो, हिउँको पाहाड़ - हिमाचल, घामको पाहाड़ - अरुणाचल .. । पाहाड़पुत्री वा शैलपुत्री दुर्गा हुन् । भौतिकीमा शक्ति वा विद्युतशक्ति वा पावर (प्रतीक :P) भनेको दर (rate) हो । यस्ता कुनै दरमा कार्य (काम) गरिन्छ अर्थात् ऊर्जा संचारण हुँदछ । यसो भन्नुको तात्पर्य निश्चित समयमा कति ऊर्जा आवश्यक हुन्छ र कति ऊर्जा व्यय हुन्छ भन्ने निर्क्योल निकाल्नु हो ।

P=W/t

Power = Work time

यहाँ P शक्ति हो, W कार्य र t समय हो । जमरा रोप्नु, उम्रनु दिनु, सिहुरिनु भनेको शक्तिले विकास सञ्चालित हुनुको प्रमाणको प्रतीक हो । अचेल गहुँको टुसालाई हुर्शरी सीरी भनेर यसमा भएभरको शक्ति रहने विज्ञापन गरिएको देखिन्छ । यसले मुटु कलेजो मिर्गौला ठीक हुन्छ भन्छन् । डेङ्गु मलेरिया लागेमा गहुँ, जौ वा मेवाको टुसा चपाएर रस निल्ने सल्लाह दिइन्छ ।

पहलमानले टुसा लागेको चना-मटर खाए अझ बलेयो हुने ठान्छन् । टुसा शक्तिको प्रतीक हुनाले दसैंमा जमरा राखिने गरिएको हो । नौ रात्रिसम्म पूजा गरेर दसौँ दिन बिहान टीका-प्रसाद ग्रहण गर्नाका साथै जमरा सिहुरिइन्छ । उब्रेका अमुरित जमराको रस बनाएर खानाले असाध्य रोगहरू पनि निको हुने कुरा वनौषधिविज्ञहरूको छ । जौका जमरालाई महौषधि भनिएको छ । निधारमा विजयादेवीको प्रसादस्वरूप टीका लगाएर जमरा शिरमा राख्यो भने शिरको पीडा, मानसिक अशान्तिबाट जोगिन सकिन्छ भनिन्छ । जमराबाट शीतलता प्राप्त हुन्छ । विभिन्न रोग व्याधि र कष्टहरू मेटिएर जान्छन् । अमुरित अन्नबाट भिटामिन, प्रोटिन, क्याल्सियम आदि प्राप्त हुन्छ । स्वास्थ्यको लागि अति उत्तम मानिन्छ । नाप्नै नसक्ने कैऔं भोल्टको भगवतीको ऊर्जाबाट जमराले केही भोल्ट पावर त कन्जुम गरेकै हुन्छ । त्यो पावर बढाउँदैलाने आसिकसित परिवारका वरिष्ठ सदस्यले दक्षिणास्वरूप जमरा पनि दिने गर्दछन् ।

जमरा शब्दको व्युत्पत्ति यम कि यव शब्दबाट भएको तथ्य पाइन्छ । संस्कृतमा जौलाई यव भनिन्छ । यम भनेको अनुशासन हो । यवलाई यमको प्रतीक मानिन्छ । योगका आठवटा खुड्किलामा यम पहिलो खुडिकलो हो यम । त्यसपछि मात्र नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि । जीवन यममय अर्थात् अनुशासित होस् भन्ने संकेत पनि हो जमरा । जौको आँकुरालाई जमरा भनियो :

यव - जव - जम - जौ + आँकुरा = जमरा ।

जमरामा सप्तधान्य उमार्ने चलन छ । धान्य भनेको धान आदि अन्न हुन् । जौसहित सातवटा अन्न उमार्दा जौको मात्रा धेर राखिन्छ । अरू अन्न नपाइए पनि जौचाहिँ हुनैपर्छ भनिन्छ ।

वास्तवमा जौका आँकुरालाई जमरा भनिएको हो । जातीय चाड़पर्व कृषिसितै सम्पर्कित छन् । रोपाई आदि श्रमसाध्य काम सकेपछि वा धानको बाली उठाइसकेपछि सञ्चो भएर दसैंलाई उत्सवी बनाउने गरिन्छ । तैत्तिरीय उपनिषद्को भृगुवल्लीले अन्नलाई ब्रह्मसम्म मानेको छ, यथा - 'अन्नं ब्रह्मेति व्यजानात्' ( अन्नलाई ब्रह्म जान्नू ) । 'अन्नं न निन्द्यात्' ( अन्नलाई निन्दा नगर्नु ) पनि भनिएको छ । एमोबा हाइड्राजस्ता एककोशीय प्राणी त अन्न पाए बाँच्छ, नत्र मर्छ । तिनीहरूमा प्राणमय र मनोमय कोश नभए पनि अन्नमय कोशचाहिँ हुन्छ । विज्ञानमय र आनन्दमय कोशसम्म वहन गर्नसक्ने मान्छेले अन्नलाई कसरी बिर्सन सक्दछन् ! अन्नलाई आदर गर्न सिकाउन अन्नका आँकुरा जमरा शिरमा लगाउने र अन्नकै टीका निधारमा टाँस्ने गरिएको हो ।

निधारमा चामलको टीका लाउने चलन गोर्खाबाहेक अरू सनातनीमा छैन । पाहाड़मा अहिलेभन्दा ८०० वर्षअघिदेखि नै खस र किरातले एउटैखाले हाउभाउ देखाइआएका छन् । पृथ्वीनारायण शाह आएर अझ राम्ररी एउटा जाति बनाइदिए । त्यो गोर्खा जाति हो । १८४६-पछि जङ्गबहादुरले जङ्गे विधि घोषणा गर्नअघिदेखि नै खस-किरातले पूजापर्वमा

रहल पृष्ठ ४ मा....

# मन्त्रीपरिषदद्वारा विभिन्न प्रस्तावहरु पारित

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको अध्यक्षतामा सम्पन्न मन्त्रीपरिषद्को बैठकमा विभिन्न विभागीय प्रस्तावहरु पारित गरियो। मन्त्रीपरिषद्ले कृषि विकास विभागअन्तर्गत कृषि तथ्याङ्क रिपोर्ट गर्ने एजेन्सी स्थापना कार्यनवयनको निम्ति प्रशासनिक स्वीकृतिको निम्ति वित्तीय वर्ष २०२१–२२ को निम्ति रु. १०६.१७ र रु. ७०.०० लाखको वित्तीय मञ्जुरी प्रदान गरियो।

पशु पालन एवं पशु चिकित्सा सेवा विभागअन्तर्गत राज्य भेटनेरी पोलीक्लिनिक एनेक्स भवनमा पावर बैकअप सुविधाको निम्ति अवस्थित विद्युतआपूर्तिको मरम्मत अनि उन्नयनको निम्ति रु.२४.९३ लाखको वित्तीय मञ्जुरी प्रदान गरियो। यसका साथै सुँगुर पालन उत्पादन प्रोत्साहन योजनाको निम्ति रु. ३.०० करोडको अनि राष्ट्रीय पशुधन अभियान २०२०–२१ को सब मिशन फीड एण्ड फोडर डेभलप्मेन्ट कार्यन्वयनको निम्ति रू ९६.८३ लाखको वित्तीय मञ्जुरी अनि सिक्किम पशुधन विकास बोर्डद्वारा सेक्स सोर्टेड सेमेट प्रोग्राम कार्यन्वयनको निम्ति ७.२५ करोड अनुमोदन गरियो। यस्तैप्रकारले दूध उत्पादनहरुलाई प्रति लिटर ८ रुपियाँको दरले दिने गरेको प्रोत्साहन राशिको किश्तीस्वरुप ३.८६.६०,८८२ को किश्ती मञ्जुरी गरियो।

मन्त्रीपरिषद्को बैठकले भवन तथा आवास विभागअन्तर्गत दक्षिण सिक्किमको नामथाङ रातेपानीमा उर्गेन थिम वास्टलिङ गुरुङ गुम्बा निर्माणको निम्ति रू १९३.२१ लाख अनुमोदन गरियो भने संस्कृति एवं धरोहर विभागअन्तर्गत चालू वित्तीय वर्षमा उत्तर पूर्व क्षेत्र सांस्कृतिकलाई सहयोगको निम्ति रू २५ लाख साथै नामग्याल इन्स्टिच्युट अफ् टेक्नोलोजीलाई वित्तीय वर्ष २०१–२२ को निम्ति अनुदान स्वरुप रु.४० लाखको वित्तीय मञ्जुरी पनि प्रदान गरियो।

पश्चिम सिक्किमको सिरीजङ्गा हि–पातलमा सम्बद्ध सुविधा विकासको निम्ति रु .२७०८.२० लाखको प्रशासनिक मञ्जुरी अनि अनि चालू वित्तीय वर्षमा रू २५०.०० लाखको वित्तीय मञ्जुरी प्रदान गरिएको छ।

यस अतिरिक्त उत्तर सिक्किमको कबीमा छिमी लाखाङ निर्माणको निम्ति रू ३५ लाखको वित्तीय मञ्जुरी, पश्चिम सिक्किमको सेमिचुङ बढोत्तरी अनि विस्तारको निम्ति रू ११७.९८ लाखको प्रशासनिक मञ्जुरी अनि चालू वित्तीय वर्षको निम्ति रु. ५०.०० लाख अनुमोदन गरियो। दक्षिण सिक्किमको अप्पर याङ्गाङमा न्यु गुरुङ गुम्पा निर्माणको निम्ति प्रशासनिक स्वीकृति रु.३७४.४२ लाख अनि चालू वित्तीय वर्षमा रू ५० लाखको वित्तीय मञ्जुरी प्रदान गरियो। पश्चिम सिक्किमको लामाथाङ गाउँमा सिमिचुङ भवन निर्माणको निम्ति प्रशासनिक स्वीकृति रु.२४९.६३ लाख अनि चालू वित्तीय वर्षमा रु ३०.०० लाखको वित्तीय मञ्जुरी, दक्षिण सिक्किमको लोअर राङराङमा सांस्कृतिक धरोहर एवं माङखिम निर्माणको निम्ति प्रशासनिक स्वीकृति रु, ३७६.२९ लाख र चालू वित्तीय वर्षमा रू ५० लाखको वित्तीय अनुमोदन गरियो।

कार्मिक विभागअन्तर्गत पूर्व सिक्किमको रङलीमा अनि दक्षिण सिक्किमको याङगाङमा दीवानी न्यायधीश, सह न्यायिक दण्डाधिकारीको २ (दुइ) पदहरूको स्वीकृति साथै सिक्किम न्यायियिक अकादमीमा अतिरिक्त निदेशकको एउटा पद अनि सिक्किम राज्य उपभोक्ता विवाद निवारण आयोगमा उप–पञ्जीकारको एउटा पद सृजना गर्ने अनुमोदन गरिएको छ। मन्त्रीमण्डलले शिक्षा विभागअन्तर्गत वर्ष २०२०–२१ को मुख्यमन्त्री मेधावी छात्रवृति योजनाअन्तर्गत राज्य अनि राज्यबाहिरका विभिन्न विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको शुल्क भुक्तानको निम्ति रु.८.०० करोडको वित्तीय स्वीकृती प्रदान गरिएको छ। यस्तैप्रकारले धर्म मामिला विभागअन्तर्गत पूर्व सिक्किमको भस्मेमा साङ्गाछ्योलिङ गुम्बाको निर्माण कार्य पूरा गर्नको निम्ति रू ५० लाख अनुमोदि गरियो।

वन एवं पर्यावरण विभाग नर्सरीहरुमा कार्यरत श्रमिक अनि अन्य विविध कार्यहरुको निम्ति खटिएको श्रमिकहरुको वेतन प्रदान गर्न रु १.७० करोड अनुमोदन गरिएको छ। स्वास्थ्य एवं परिवार कल्याण विभागअऩ्तर्गत पश्चिम सिक्किमको सोरेङमा सामुदायिक स्वास्थ्य केन्द्र निर्माणको निम्ति भू क्षतिपूरणको निम्ति रु.२९.३३ लाख अनुमोदन गरिएको छ। मन्त्रीपरिषद्ले गृह विभागअन्तर्गत सिक्किम अग्नि एवं आपदकालीन सेवाको निम्ति दुइवटा टाटा अल्ट्रा १९१८ चेसिस र (१) बोलेरो वाहन खरिद गर्न रू ९७,०८,७८२ अनि सिक्किम राज्य सैनिक वोर्डलाई अनुदानस्वरुप रु ३२७.५७ लाखको अनुमोदन गरिएको छ।

सूचना प्रविधिक विभागअन्तर्गत राज्य तथ्यातङ्क केन्द्रमा परियोजना सञ्चालनको निम्ति रू २०० लाख अनुमोदन गरियो भने विद्युत विभागअन्तर्गत पूर्व सिक्किमस्थित ६ माइल तादोङस्थित विष्णुदेवी पेट्रोल पम्पमुनि ११ केभी लाइनलाई भूमिगत केवलमा रुपान्तरण अनि सार्नको निम्ति रू ३०.४७ लाख वित्तीय स्वीकृति दिएको छ। मुद्रण र स्टेशनरी विभागअऩ्तर्गत सिक्किम सरकारको छापाखाना विभागमा रहेको सबै छापा उपकरणहरुको मरम्मत्ती, रखरखाउको निम्ति पूर्व रखरखाउ सम्झौता, वार्षिक रखरखाउ सेवाअनुबन्धअऩ्तर्गत भूक्तानीको निम्ति वित्तीय स्वीकृति रु.३३,०० लाख अनुमोदन गरियो भने जनस्वास्थ्य अभियान्त्रिकी विभागअऩ्तर्गत गान्तोकस्थित पानीहाउस शिव मन्दिरमा आरसीसी जलासय निर्माणको निम्ति

प्रशासनिक स्वीकृति रु ५३.२८ लाख र आर्थिक स्वीकृति रु. १०.०० लाख स्वीकृति प्रदान गरियो। यस्तैप्रकारले आकाशवाणी गान्तोकहुँदै रातेछु जाने सम्पर्क सडक निर्माण हेतु प्रशासनिक स्वीकृति रु. २३१.७६ लाख अऩि चालू वित्तीय वर्षको निम्ति वित्तीय स्वीकृति रु ५०.०० लाख अनुमोदन गरियो। यस्तैप्रकारले आइसीएआर र तादोङ जोडधारामा जलासय निर्माणको निम्ति प्रशासनिक स्वीकृति रु. ७१.०३ लाख र चालू वित्तीय वर्षको निम्ति रू १०.०० लाख अनुमोदन गरियो।

सडक एवं पूल विभागअऩ्तर्गत पूर्व सिक्किमको अदमपूल, राङ्का सिच्छेमा दुईमार्गी राजमार्ग विस्तार, किडजी परिसरको विस्तार अनि अऩ्य सुरक्षात्मक कार्यको निम्ति प्रशासनिक स्वीकृति रु ५.२७ करोड अनि दक्षिण सिक्किमको किचुडुम्रास्थित रङ्गीत नदी लगायत नाम्ची अनि सिक्किममा पूल निर्माणको निम्ति रू रु १०६८.६५ लाख अनुमोदन गरियो।

ग्रामीण प्रबन्धन एवं विकास विभागअन्तर्गत मुख्यमन्त्री ग्रामीण आवास योजना चरण १ अन्तर्गत ३००० घरहरुको निर्माणको निम्ति घरेडी खन्ने अनि अन्य कार्य साथै अऩ्य सुरक्षात्मक कार्यको निम्ति रू २२.४६ करोडको वित्तीय मञ्जुरी प्रदान गरिएको छ भने सिक्किम गरीब आवास योजनाअन्तर्गत अतिरिक्त १००० वटा घर निर्माणको निम्ति रू २०३.८१ करोडको प्रशासनिक मञ्जुरी प्रदान गरिएको छ भने उक्त योजना कार्यन्वयन अवस्थित ठेकादारको माध्यमबाट काम हुनेछ।

समाजिक न्याय र कल्याण विभागअऩ्तर्गत वर्ष २०२०–२१ को निम्ति केन्द्र प्रायोजित योजना **सपोर्ट टू ट्राइबल रिसर्च इन्सटीच्युट** को निम्ति प्रशासनिक स्वीकृति रु.३८३.०० लाख र रु.१४४.०० लाखको वित्तीय स्वीकृति प्रदान गरियो। यस्तैप्रकारले मन्त्रीपरिषद्को बैठकमा पर्यटन एवं नागरिक उड्यान विभाग, यातायत विभाग, शहरी विकास एवं आवास विभाग,वित्त विभागअन्तर्गत विभिन्न विभागीय प्रस्तावहरु अनुमोदन गरियो।

# राष्ट्रीय सम्मेलनमा कृषि मन्त्रीको सहभागिता



अक्टुबर ५

सिक्किमका कृषि, वागवानी,पशुपालन तथा पशु चिकित्सा सेवा साथै सूचना एवं जनसम्पर्क विभागका मन्त्री लोकनाथ शर्माले गुवाटीमा सम्पन्न एक दिवसीय ' इडिबल आयल –ओयल पाम बिजनेस समिट मा सहभागिता जनाउँनुभयो। उक्त कार्यक्रममा केन्द्रिय कृषि तथा किशान कल्याण मन्त्री नरेन्द्र सिंह तोमरको विशेष उपस्थिति रहेको थियो भने उहाँको साथमा डोनर मन्त्री जी किशन रेड्डी, कृषि र किशान कल्याण राज्यमन्त्री कैलाश चौधरी, कृषि र परिवार कल्याण राज्य राज्यमन्त्री सुश्री शोभा करन्दलाजेको विशेष उपस्थित थियो। यस अवसरमा कृषि विभाग सिक्किमका निर्देशक तिलक गजमेर र अतिरिक्त निर्देशक राजेन्द्र थापा पनि उपस्थित थिए। खाद्य तेल ब्यापर शिखर सम्मेलनको बेला केन्द्रीय मन्त्रीको साथमा सिक्किमका मन्त्री लोकनाथ शर्मा र अन्य मन्त्रीहरूले खाद्य तेलको बिरूवामा पानी लगाए र असमका एफपीओहरूलाई प्रमाण–पत्रहरू प्रदान गरे। सिक्किमका मन्त्री लोकनाथ शर्माले शिखर सम्मेलनको निम्ति उत्तरपूर्वी क्षेत्र छनौट गरेकोमा कृषि अनि किशान कल्याण मन्त्रालयप्रति आभार प्रकट गर्नुभयो। बैठकमा मन्त्री शर्माले उत्तरपूर्वी क्षेत्रमा खाद्य तेल विरूवा रोपणको लागि केन्द्र सरकारको अध्यक्षतामा गरिएको पहलको स्वागत गर्नुभयो।

## कृषि तथा किसान कल्याण राज्य मन्त्री श्री कैलाश चौधरीद्वारा पाक्योङ र तादोङको आईसीआर केन्द्रहरूमा किसानहरूसंग कुराकानी

गान्तोक।

०६ अक्टोबर, भारत सरकारका कृषि तथा किसान कल्याण राज्य मन्त्री श्री कैलाश चौधरीद्वारा पाक्योङ र तादोङको आईसीआर केन्द्रहरूमा किशानहरूसंग कुराकानी गर्नुभयो। उक्त अवसरमा मोबाइल एप र एनआरसीद्वारा विकसित अर्किड कीट प्रबन्धनको प्रक्षेपण पनि गरियो। कार्यक्रममा कृषि क्षेत्रमा महत्वपूर्ण योग्दान पुऱ्याउने दुई प्रगतिशील किसानहरू, श्री फिलिप राज सुब्बा र श्री जीवन सुब्बालाई सम्मानित गरियो। केन्द्रीयमन्त्रीले किशानहरुलाई आत्मनिर्भर बनाउन सरकार र कृषकहरुमाझ समन्वय हुनु आवश्यक रहेको बताउँनुभयो। प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेतत्वमा कृषकहरुलाई अझ सशस्त अनि प्रगतिशील साथै स्वनिर्भर बनाउन विभिन्न कृषि कल्याण योजनाहरुको शुरुवात गरिसकेको पनि

रहल पृष्ठ ४ मा.....

गान्धी जयन्तीको दिन.....

अन्य मन्त्रीहरूको सहभागीता रहेको थियो।

सफाई अभियानलाई सम्बोधन गर्नु हुँदै मुख्यमन्त्रीले भन्नुभयो, गान्धी जयन्तीको विशेष अवसरमा शुरु भएको स्वच्छ भारत अभियानको दोस्रो भाग आजादीका अमृत महोत्सवको एक महत्वपूर्ण पहल हो। उहाँले यस अभियानलाई सफल बनाउन राज्य सरकारको संकल्प साझा गर्नुहुँदै १ जनवरी २०२२ बाट सिक्किम राज्य भित्र प्लास्टिकको बोतल वा प्याक गरिएको पानीको उपयोगमा पूर्ण प्रतिबन्ध लगाइने घोषणा पनि गर्नुभयो। उहाँले जनसाधारणलाई पनि प्लास्टिकको ठाउँमा अन्त वैकल्पिक सामाग्रीको उपयोग गर्ने प्रोत्साहन गर्नुहुँदै स्वच्छतालाई जीवनको महत्पूर्ण हिस्सा बनाउने सुझाउ दिनुभयो। मुख्यमन्त्रीले विभिन्न क्षेत्रमा उत्कृष्ट प्रदर्शनी गर्ने उत्कृष्ठ तीन ग्राम पञ्चायत र उत्कृष्ट तीन शहरी स्थानीय निकायलाई प्रत्येक वर्ष गान्धी जयन्तीको अवसरमा नगद पुरस्करद्वारा पुरस्कृति गर्ने घोषणा पनि गर्नुभयो। सम्बोधनको अन्तमा उहाँले सिक्किमलाई प्लास्टिकमुक्त राज्यको रुपमा विकसित गर्न सबैले प्रतिज्ञा गर्नुपर्ने आह्वान पनि गर्नुभयो।



## राज्यपालद्वारा दुइ दिवसीय.....

शहीदहरुको सपनाबाट प्रेरित एक भारत आत्मनिर्भर भारतको सिद्धान्तबाट प्रेरित भारतको निर्माण गर्नै आह्वान पनि उहाँले गर्नुभयो। कार्यक्रममा उहाँले सिक्किमका स्वतन्त्र सेनानी त्रिलोचन पोखरेल र हेलेन लेप्चालाई श्रद्धाञ्जलि अर्पण गर्नुभयो। राज्यपालले आजादीका अमृत महोत्सव विशेष गरी स्वतन्त्र सेनानी अनि बहादुर योद्धाहरुको जीवनकथासित आजका युवा जमातहरुलाई जोड्ने केन्द्रित रहेको कुरा बताउँनुभयो।

कार्यक्रमा सूचना एवं जनसम्पर्क विभागकी सचिव श्रीमती सिफोरा जी तार्गेनद्वारा आफ्नो सम्बोधनमा आजादीका अमृत महोत्सव समारोहको पाँच स्तम्भ अर्थात स्वत्नत्रताको लागी संघर्ष ७५ वर्षको विचार ७५ वर्षको उपलब्धि ७५ वर्षको कार्य अनि ७५ वर्षको संकल्पको गणना गर्नुभयो। उहाँले युवा पिढीको बीचमा यी स्तम्भहरूको बारेमा जागरूकता गराउँनुहुँदै आत्मानिर्भर भारतको निम्ति प्रेरित गर्नुभयो। पत्र सूचना कार्य(पीआइबी) सिक्किम निर्देशक श्री अजय माहिमाले सूचना एवं जनसम्पर्क विभाग सिक्किम सरकार अनि राज्यको छापाखाना माध्यमप्रति आजादीका अमृत महोत्स्वको प्रचार प्रसारको सहयोगको निम्ति आभार ब्यक्त गर्नुभयो। कार्यक्रमलाइ सम्बोधन गर्नुहुँदै नरबहादुर भण्डारी डिग्री कलेजका प्रधानध्यापकले राज्यपाललाई यस विशेष कार्यमा समय निकालेर आइदिनुभएकोमा कृतज्ञता व्यक्त गर्नुभयो। कायक्रममा आरओबी गुवाहटीका संस्कृति समूहद्वारा रमाइलो संगीत र नृत्य प्रस्तुती पनि गरिएको थियो।

## जमरा, जात.....



चामलको प्रयोग गर्दथे।

चामलका सिताले जोखाना हेर्ने, आर्जे हेर्ने, झारफूक गर्ने, मन्साउने, निधारमा टाँस्ने गर्दथे। अचेल अपर्झट जाते राजनीति गर्ने लाभभोगीहरूले दसैँलाई जङ्गे विधिसित जोड्रे भ्रम प्रचार गर्दैछन्। गोर्खाभित्रका खस मानिने छेत्री-बाहुनहरूलाई मधेशका राजपूत र ब्राह्मणहरूसित तुलना गर्नु हुँदैन भन्ने कुरा नृशंसविद् एटकिन्सनले भनेकै छन्। ग्रियर्सनले त मधेशी बाहुनहरूका नीति-नियम नमानेका वर्ग खस हुन् पनि भनेका छन्। हुन पनि मधेशमा उपाध्ये, कुमाई र जैसी मेरकाटे भेटिँदैन। मधेशका छेत्री-बाहुनहरूले धामी झाँक्री बिजुवा मानेका, मष्ट (कुल द्यौता) मनाएका, आठाने चाराने शिकारी द्यौता रिझाएका, बोका काटेर देवाली गरेका, गोठधुप गरेका, उँधौली-उँभौली गरेका, बुढी बोजु मनाएका, सिमेभुमे भूतप्रेत संसारी पूजा गरेका हुँदैनन्।

गोर्खा जातिमा खस र किरातमा देव-देवता सराबरा छन्। इरान मुसलमान हुनभन्दा धेरै अघि स्थापित जोरष्ट्री धर्म अर्थात् पारसी धर्म मान्ने



आर्यहरूले आहुरमष्ट भनेर कुलपूजा गर्दथे। मष्टपूजा त्यतैबाट आएको पनि हुनसक्दछ भन्ने मान्नेहरू पनि छन्। किरात इतिहासले पनि कुलपितृ मानेको प्रमाण दिएकै छ। खस मानिने हाम्रा बाहुन, छेत्री, कामी, दमाई, सार्कीहरूका थरहरू मधेशका आर्यहरूसित सबै मिल्दैनन्। पाहाड़का खसहरूका चालामाला मधेशका आर्यहरूसित भन्दा किरातसित धेर मिल्दछ। नेपालतिर के कसो छ कुन्नि तर भारतमा त जुनै ठाउँमा पनि खस-किरातले प्रायः एउटै पद्धतिले चाड़पर्व मनाएको पाइन्छ। समय र परिस्थितिले दसैं सबै गोर्खाको सामूहिक पर्व बनेको छ। दसैँलाई लिएर जात छुट्याउने र जाति टुक्र्याउने काम नगरौं। जुटौं, मिलौं,



नफुटौं।

वर्षमा दुईवटा दसैं हुन्छन् - वसन्त ऋतुको वासन्तिक दसैं अर्थात् चैते दसैं र अर्को शरद् ऋतुको शारदीय दसैं। शारदीय दसैं गोर्खा जातिको सबैभन्दा विशेष पर्व मानिन्छ। चैते दसैँलाई सानो दसैं र असोजे दसैँलाई ठूलो दसैं भनिन्छ। विक्रमी पात्रोअनुसार असोजमा प्रतिपदादेखि दशमीसम्म १० दिन पूजापाठ, व्रत र उत्सवकासाथ मनाइने चाड भएको हुनाले यसलाई दसैं वा 'विजया दशमी' का नामले पनि चिनिन्छ। यसपालिचाहिं मलमास परेको हुनाले कात्तिकमा पर्नगयो।

दसैं प्रतिपदा घटस्थापनादेखि शरदपूर्णिमा (कोजाग्रत)-सम्म १५ दिनको हुने भए तापनि पहिलो ९ दिनलाई नवरात्रि र दसौँ दिनलाई दशमी वा दसैं भनिन्छ। यस तिथिमा माता दुर्गाले महिषासुर नामक दैत्यलाई तथा भगवान् श्री रामचन्द्रले रावणलाई वध गरेर मानवजातिको कल्याण गरेको भन्ने किंवदन्ती छ। दशमीकै दिन सबैकहाँ पुग्नु असम्भव हुने भएकोले समाजले अझ पाँच दिन थपेर पूर्णेसम्म टीका लाउनपाउने विधान राखिदिएको छ। नौरथा लागेपछि नौ दिन दुर्गादेवीको नौवटा रूपावतार पुजेपछि दसौं दिन दसैं टीको लगाइन्छ। मूल ठूलो घरमा हुने नौ दिनको पूजाको प्रसाद र आशीर्वाद वरिष्ठ सदस्यबाट थाप्न भेला भइन्छ। दशमीकै दिन नभ्याएमा एकादशी (११औं), द्वादशी (१२औं), त्रयोदशी (१३औं), चतुर्दशी (१४औं) र पूर्णिमासम्म टीका लाउने सामाजिक प्रावधान छ। दशमीको पाँच दिनपछि हुने पूर्णेलाई पूर्वीय संस्कृतिले प्रेम दिवस (भारतको भ्यालेन्टाइन डे)-को रूपमा ग्रहण गरेको पाइन्छ। प्रतिपदा (घटस्थापना), सप्तमी (फूलपाती), महाअष्टमी (कालरात्रि), महानवमी, विजया दशमी र पूर्णिमा(कोजाग्रत) दसैँका प्रमुख तिथिहरू हुन्।

दसैँमा मालसिरी धुन बजेको सुनिन्छ। तर यो दसैँके धुन होइन। मालसिरी नेवारहरूको ऋतुगीत हो। शिशिरका लागि राग विभाष, हेमन्तका लागि रामकलि, वसन्तमा वसन्तराग, ग्रीष्ममा रागादेश, वर्षामा सिन्ःज्या जस्तै शरद् ऋतुमा मालसिरी धुन बज्दछ। माताश्री मालश्री मालसिरी। शरद् ऋतुमा दसैं पर्ने हुँदा भगवतीकै महिमामा ऋतुपरक यो लोकधुन बज्ने भयो। शरदको समृद्धि र माताको महिमा मालसिरी मर्म बन्यो। मालसिरी अचेल गोर्खाका सबै जातको भयो। मालसिरी नेवारले आविष्कार गरे अनि अधिकार सबै जातलाई दिए। अब मालसिरीमा गोर्खा जातिकै पेटेन्ट लाग्छ।

प्रत्येक दिन बलि चाहिँ अनिवार्य दिनुपर्ने कुरा शास्त्रीय विधानमा उल्लेख गरिएको छ। बलिलाई भोजन गर्नुभन्दा पहिले देवपितृका उद्देश्यले चढाइने औंसानी मान्दा पनि हुन्छ। पूजकअनुसार बलि दुई प्रकारका हुन्छन् - श्रौतयज्ञानुसारको पशुबलि र शाकाहारीहरूले प्रदान गर्ने नरिवल ऊखु कुभिण्डो आदि स्मार्तबलि। पशुपक्षीबलिलाई सामाजिक कुरीति मानेर पर्यावरण र सामाजिक कार्यकर्ताहरूले रोक लगाउने प्रयास गरेको पनि पाइन्छ। वास्तवमा दसैँका नौ दिन नै बलि दिनु भनेको अर्थ बेग्लै छ। जीवनमा पनि यदि केही महत्त्वपूर्ण हुनुहो भने आफूले कुनै न कुनै चीजको बलि दिनुपर्ने हुन्छ। धन वा विद्या कमाउनु पनि जीवनमा आफूले बलि त दान गरेकै हुनपर्दछ। अफिसमा काम गर्ने बाबू-बाबूनीहरूले वा अधिकारीले वा ग्रुप डी कर्मचारीले प्रत्येक दिन आफ्ना जीवनका आठ घण्टा बलि दिएकै हुन्छन्। स्वास्थ्य बनाउन अन्न, फलफूल, दूध, अण्डा, तरकारी, औषधिलाई बलि दिनैपर्दछ। नानी हुर्काउनु पर्दा होस् कि बेपार गर्दा होस् कि करियर बनाउँदा होस् कि जाति-देश बनाउँदा होस् बलिदान त दिनैपर्ने हुन्छ।

## सोरेङमा पूर्व मुख्यमन्त्री स्वर्गीय नरबहादुर भण्डारी..........



विश्वको कुनैपनि उत्कृष्ट २० विश्वविद्यालयबाट विद्यावारिधि प्राप्त गर्ने विद्यार्थीलाई नरबहादुर भण्डारी फेलोशीप प्रोग्रामअन्तर्गत राज्य सरकारले वित्तीय अनुदानस्वरुप रू ५० लाख प्रदान गरिने घोषणा गर्नुहुँदै विद्यार्थीहरुले अध्ययन समाप्त पश्चात राज्य सरकारअन्तर्गत तीन वर्षको स्वंसेवा गर्ने अवसर प्रदान गरिन्छ पनि भन्नुभयो। स्वर्गीय भण्डारीले जीवनकालमा गर्नुभएको विभिन्न कार्यहरुलाई दस्तावेजीकरण गरी सरकारले प्रकाशित गर्ने पनि उहाँले जानकारी दिनुभयो। यसै अवसरमा मुख्यमन्त्री श्री तामाङले संविधानमा नेपाली भाषालाई अन्तर्भुक्त गराउनको निम्ति निस्वार्थ भाव लिएर काम गर्ने योद्धाहरुको सम्मानमा प्रत्येक वर्ष नेपाली भाषा दिवसको अवसरमा सार्वजनिक बिदाको घोषणा पनि गर्नुभयो।

कार्यक्रममलाई राज्यपाल श्री गंगाप्रसादले पनि सम्बोधन गर्नुभयो। राज्यपालले यस उत्सवमा सहभागिता जनाउने अवसर प्राप्त गरेकोमा खुशी व्यक्त गर्नुहुँदै आफ्नो जीवनकाल नै सिक्किमे जनसाधारणको सेवामा समर्पित गर्ने युगपरुषको दिशा निर्देशनमा बाँचनुपाउँनु सिक्किमे जनसाधारणको निम्ति गौरवको विषय हो भन्नुभयो।

राज्यपालले सरकारले सिक्किमे जनसाधारणको हीत अनि कल्याणको निम्ति सरकारद्वारा कार्यन्वित गरिएको विभिन्न विषयहरुमाथि प्रकाश पार्नुहुँदै राज्यको दिगो विकासको निम्ति एक जुट हुनुपर्ने आह्वान पनि गर्नुभयो।

स्थानीय समुदायको सहयोगमा सिक्किम स्वास्थ्य, शिक्षा र पर्यटनको क्षेत्रमा अरु राज्यको निम्ति उदाहरण राज्य साबित हुन सक्ने कुरा बताउँनुहुँदै राज्यपालले शिक्षा अनि पर्यटन क्षेत्रमात्र नभएर सिक्किमलाई सबै क्षेत्रमा अब्बल दर्जाको राज्य बनाउँन सबै जनसाधारणको सहयोग अनि योग्दान धेरै महत्वपूर्ण रहेको छ भनी बताउँनुभयो। नयाँ योजना अन्तर्गत च्याखुङमा निर्माण हुन लागि रहेको नेताजी सुभाषचन्द्र बोस सेन्टर फर एक्सीलेन्सको सञ्चालन पश्चात सोरेङ विश्वभरीका विद्यार्थीहरुको निम्ति नै महत्वपूर्ण शैक्षिक केन्द्र साबित हुने कुरा बताउँनुभयो। यहाँबाट स्थानीय युवा युवतीहरुले उत्कृष्ट शिक्षा आर्जन गर्न सकिनेछ भन्नुभयो। कार्यक्रमको अन्तमा सम्पूर्ण अतिथिहरुलाई सम्मान जनाउँदै शिक्षा विभागका अधिकारीहरूद्वारा मुख्यमन्त्रीप्रति सम्वर्द्धना पनि जनाइयो।

## कृषि तथा किसान...

उहाँले बताउँनुभयो। यसबाहेक,उहाँले एफपीओ-मार्फत कृषकहरुले कृषि उत्पादहरुको लाभ उठाउन सकिने अनि आफू आत्मनिर्भर भई देशलाई पनि प्रगतितिर अग्रसर गराउन सहयोग पुर्‍याउनेछ भन्नुभयो। त्यसपछि मन्त्री चौधरी तादोङमा आईसीएआर सुविधाको भ्रमण गर्नुभयो,जहाँ उहाँले डेरी एकाइ र सुँगिर अनुसन्धान फार्मको निरीक्षण गर्नुभयो। उहाँले विभिन्न -(कुखुरा बीउ परियोजना),(जैव- प्रविधि विभाग), (राष्ट्रिय परियोजना जैविक खेती)-का लाभार्थीहरूलाई खेतीका सामानहरू वितरण गर्नुभयो। कृषिमन्त्री श्री लोकनाथ शर्माले भन्नुभयो सरकारले कृषि, खेती, माछापालन र डेयरीको माध्यमबाट किशानहरूको आयबृद्धि गर्नको निम्ति शुरू गरीएको विभिन्न योजनाहरूको बारेमा कुरा गर्नुभयो। उहाँले भन्नुभयो २०२२सम्म सिक्किममा खेती र दुग्ध क्षेत्रलाई आत्मनिर्भर बनाउनको निम्ति यो पहल शुरु गरिएको हो। यो उपलब्धि हासिल गर्नको निम्ति, राष्ट्रिय संस्थाहरू र सिक्किम सरकारको बीच उचित समन्वय हुनु आवश्यक रहेको थप जानकारी दिनुभयो।

लोकसभा सांसद इन्द्रहाङ सुब्बाद्वारा केन्द्र मन्त्री श्री चौधरीलाई हार्दिक स्वागत जनाउँनुभयो।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।

S.G.P.G - 371 / Nepali Herald 2500 Cps.08 . 10. 2021